गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, विष्णुपुरा,रुपन्देही    लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या:- २०८०/०८१    मिति: २०८०/०४/०५

चलानी नं.:-

विषय: लम्पि स्किन रोग सम्बन्धमा ।

हाल गैडहवा गाउँपालिकाका केही स्थानका गाई/भैसीहरुमा लम्पि स्किन रोग ( Lumpy Skin Disease) सँग मिल्दो-जुल्दो लक्षण सहितको रोग देखिएको हुँदा पशुपालक कृषकहरुलाई आवश्यक सजगताका लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि पशुसेवा शाखामा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रोगको लक्षणहरु:**

गाई-भैसीहरुमा ज्वरो सहित शरिरको विभिन्न भाग तथा भित्रि तहमा गाठागुठी देखिने, गाठागुठीबाट पानी बग्ने र पाक्ने, पशु छट्पटाउने, दुब्लाउदै जाने, खुट्टा खोच्याउने, दुध उत्पादन घट्ने र मृत्यु समेत हुन सक्ने ।

**सर्ने माध्यम:** लामखुट्टे, झिंगा, भुसना आदिको टोकाईबाट ।

**उपचार:** ठोस उपचार नभएको हुँदा लक्षण अनुसारको उपचार गर्ने ।

**सावधानीका उपायहरु:**

१. गोठ र मलखादको दुरी १० मिटर कायम गर्ने ।
२. गोठ नियमित रुपमा फिनेल पानीले सफा गर्ने तथा सरसफाईमा विशेष ध्यान दिने ।
३. पशु बाध्ने गोठमा दिशा, पिसाब तथा पानी जम्न नदिने ।
४. गोठ वरपरका खाल्टाखुल्टी पुर्ने र लामखुट्टेका फुल नस्ट गर्न मट्टीतेल छर्कने ।
५. भुसुना तथा लामखुट्टे जोगाउन साझँमा गोठ धुवाउने ।
६. गोठको जैविक सुरक्षाका लागि अनाधिकृत रुपमा मानिसको आवत-जावत नगर्ने, प्रवेशद्वारमा चुना तथा चुनापानीको व्यवस्था गरि अनिवार्य चुनमा टेकेर मात्र प्रवेश गराउने ।
७. संक्रमित स्थान तथा संक्रमणको उच्च जोखिमका स्थानबाट पशु खरिद नगर्ने ।
८. रोगी पशुलाई अलग्गै राखि दाना पानीको व्यवस्था गर्ने ।
९. निरोगी पशुको स्याहार सुसार पछि मात्र रोगी पशुको स्याहार गर्ने ।

नोट: माथि उल्लेखित लक्षण सँग मिल्दो-जुल्दो लक्षण देखिएमा गैडहवा गाउँपालिका, पशुसेवा शाखामा खवर गर्ने ।

पशुसेवा शाखा प्रमुख

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत